## १४.प्रशासकीय पुनरावलोकन र राजस्व न्यायाधिकरणमा पुनराबेदन

**१. अन्तःशुल्क अधिकृतले अन्तःशुल्क निर्धारण तथा असूलीका लागि गरेको निर्णय उपर चित्त नबुझेमा सो निर्णय बिरुद्ध प्रशासकीय पुनराबलोकनको निबेदन कति दिन भित्र दिनु पर्दछ ?**

*अन्तःशुल्क अधिकृतले अन्तःशुल्क निर्धारण तथा असूलीका लागि गरेको निर्णय उपर चित्त नबुझेमा सो आदेशको सूचना पाएको मितिले तीस दिन भित्र प्रशासकीय पुनराबलोकनको निबेदन दिनु पर्नेछ ।*

**२. अन्तःशुल्क ऐनको दफा १६ बमोजिमका कसूरमा कैद गर्ने गरी गरिएको निर्णय उपर पुनराबेदन कहाँ गर्नु पर्छ ?**

*राजस्व न्यायाधिकरणमा पुनराबेदन गर्नु पर्नेछ ।*

**३. अन्तःशुल्क ऐनले तोकेको म्याद भित्र पुनराबलोकनको निबेदन दिन नभ्याइएमा म्याद थप गर्न पाइन्छ कि पाइदैन ? पाइन्छ भने के गर्नु पर्छ ?**

*म्याद गुज्रेको मितिले सात दिन भित्र म्याद थपका लागि निबेदन दिएमा बिभागले बढीमा तीस दिनको म्याद थप गर्न सक्नेछ ।*

**४. प्रशासकीय पुनराबलोकनको लागि म्याद भित्रै बिभागमा निबेदन दिएकोमा कति दिन भित्र बिभागले निर्णय गर्नु पर्ने व्यबस्था छ ?**

*साठि दिन भित्र बिभागले निर्णय गर्नु पर्ने छ ।*

**५. प्रशासकीय पुनराबलोकन परेको २ महिना सम्म पनि महानिर्देशकले निर्णय नगरेमा त्यसको बिकल्प के हुन्छ ?**

*सम्बन्धित व्यक्तिले राजस्व न्यायाधिकरणमा पुनराबेदन दिन सक्नेछ ।*

**६. बिभागमा प्रशासकीय पुनराबलोकनको निबेदन दिंदा वा राजस्व न्यायाधिकरणमा पुनराबेदन दिने व्यक्तिले के कति रकम धरौटी राख्नु पर्दछ ?**

*निर्धारित अन्तःशुल्क रकम मध्ये विवाद रहित अन्तःशुल्क र जरिवाना रकम बुझाई बिबादित अन्तःशुल्क र जरिवाना रकमको एक तिहाई रकम नगद धरौटी राख्नु पर्नेछ ।*

## आन्तरिक राजस्व कार्यालयहरूको धरौटी खाता

| सि.नं | कार्यालय | धरौटी खाता नं. | बै“क |
|---|---|---|---|
| १. | विरटनगर | ध.र.नं. १३३०१३ | नेपाल राष्ट्र बैंक, विराटनगर |
| २. | सिमरा | - ख ३/३०५ धरौटी | रा.वा.बैंक, कलैया |
| ३. | भरतपुर | ख ३/०१ धरौटी | रा.वा.बैंक, भरतपुर |

| | | | |
|---|---|---|---|
| ४. | दाङ् | १३/०१ ख ३ | रा.वा.बैंक, तुलसीपुर |
| ५. | भैरहवा | १३३००२ | नेपाल राष्ट्र बैंक, भैरहवा |
| ६. | पोखरा | १३३५४९ | नेपाल राष्ट्र बैंक, पोखरा |
| ७. | धनगढी | १३३८२० | नेपाल राष्ट्र बैंक, धनगढी |
| ८. | भद्रपुर | १२ ख ३ धरौटी | रा.वा.बैंक, भद्रपुर शाखा |
| ९. | धरान | ख ३/२५९ धरौटी | रा.वा.बैंक, धरान |
| १०. | कृष्णनगर | ख २/३ | नेपाल बैंक लि. कृष्णनगर |
| ११. | नेपालगंज | ख ३-१३३४१४ | नेपाल राष्ट्र बैंक नेपालगंज |
| १२. | आ.रा.का. क्षेत्र नं. १ | १३१७१५ | नेपाल राष्ट्र बैंक, थापाथली |
| १३. | आ.रा.का. क्षेत्र नं. २ | १३१२१३ | नेपाल राष्ट्र बैंक, थापाथली |
| १४. | ठूलाकरदाता कार्यालय | ०१८०/५१००१६८५६ | कोष तथा लेखा नियन्त्रण, नेपाल बैंक गहवाल, ललितपुर |
| १५. | हेटौडा | ख ३/५००८ | नेपाल बैंक लि., हेटौडा |
| १६. | भक्तपुर | १९/५१/९०७४ | को.ले.नि.का. |
| १७. | लहान | ख ३ धरौटी (१२५२)<br>३६/५१/१७०९ | नेपाल बैंक लि., लाहान |
| १८. | विरगञ्ज | ख ३/४०४ धरौटी | नेपाल बैंक लि., विरगञ्ज |
| १९. | ललितपुर | ८७/ख ३ को.ले.नि.का | नेपाल बैंक लि., गहवाल, ल.पु |
| २०. | जनकपुर | ख ३ धरौटी १३३०१४ | नेपाल बैंक लि.,जनकपुर |
| २१. | आ.रा.का. क्षेत्र नं. ३ | स.अ.१३१७८९/०६६ | नेपाल राष्ट्र बैंक, थापाथली |
| २२. | महेन्द्रनगर | ३०६ ख ३ | रा.वा.बैंक, महेन्द्रनगर |

**७. प्रशासकीय पुनराबलोकन निबेदन दिए पछि त्यसको जानकारी कसैलाई दिनु पर्छ ?**

*प्रशासकीय पुनराबलोकन निबेदन वा पुनराबेदन दिएको पन्ध्र दिन भित्र सोको एक प्रति जानकारीका लागि सम्बन्धित कार्यालयमा दर्ता गराउनु पर्नेछ ।*